# गोकुलगंगा गाउँपालिकाका

# विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका
# २०७४

## गोकुलगंगा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रस्नालु ३, रामेछाप

प्रदेश नं. ३

निर्देशिका अनुमोदन मितिः- २०७४/०४/१२

# विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका २०७४

नेपाल बाढी, पहिरो, भूकम्प, आगलागी, महामारी र जलवायू परिवर्तनको प्रभावबाट प्रभावित राष्ट्रको रुपमा पनि लिइन्छ । नेपालको भौगोलिक वनावटको आधारमा हिमाल, पहाड र तराइमा फरक फरक प्रकारका विपद्हरुको घटना घट्ने गरेको पाइन्छ । नेपालमा हरेक वर्ष वाढी, पहिरो, आगलागी, महामारी, हुरीबतास, चट्याङ्ग, किटपतङ्गको आतङ्ग एवम् टोकाई आदि प्रकोपका कारण उत्पन्न हुने विपद्बाट हजारौंको संख्यामा घरबास विहिन हुनका साथै सयौंले अकालमा ज्यान गुमाइरहेका छन् भने लाखौं परिवारहरु विस्थापित हुन वाध्य भइरहेका छन् । विश्व मानचित्रमा नेपाल प्रकोप जोखिमको हिसावले २० औं स्थानमा, भूकम्पीय जोखिमको हिसावले ११ औं स्थानमा, बाढी तथा पहिरोको जोखिमको हिसावले ३० औं स्थानमा र जलवायू परिवर्तनको प्रभावको हिसावले चौथो स्थानमा पर्दछ । विपद्का कारण देशमा बर्षेनी ठूलो रुपमा धनजनको क्षति हुने गरेको छ । विपद् पूर्वतयारीका कार्यहरु न्यून भएका कारण विपद्को ठूलो क्षति व्यहोर्नु परेको छ । यसकारण देशलाई विपद् उत्थानशील राष्ट्र बनाउन स्थानीय स्तरदेखि नै पहल हुनु जरुरी छ ।

यसै परीप्रेक्षलाई मध्यनजर गरी नेपाल सरकारले हालै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ पारित गरिसकेको छ जसको दफा २३ अनुसार प्रत्येक प्रदेश तथा स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने व्यवस्था समेत गरेको छ । साथै हालको अवस्थामा स्थानीय विकास तथा संघीय मामला मन्त्रालयले तयार गरेको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ (मस्यौदा) लाई आधार मानेर गोकुलगंगा गाउँपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशील समिति गठन भएको छ र समितिको अगुवाईमा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना समेत तयार हुने क्रममा रहेको छ ।

विपद्को समयमा क्षति कम होस् भन्नाका लागि विपद् पूर्वतयारी अति नै आवश्यक देखिन्छ । विपद् प्रतिकार्यको प्रभावकारिताका लागि आवश्यक पर्ने खोज तथा उद्धार, प्राथमिक उपचार तथा राहतका लागि समेत तयार अवस्थामा रहनुपर्ने हुन्छ । यसै कुराहरुलाई मध्यनजर गर्दै गत मिति २०७४/११/२५ को कार्यपालिकाको बैठकबाट स्वीकृत गरी यो निर्देशिका कार्यन्वयनमा ल्याइएको हो ।

## १. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस निर्देशिकाको नाम “विपद् व्यवस्थापन कोष सञ्चालन निर्देशिका, २०७४” रहेको छ ।

२) यो निर्देशिकाको मुख्य उद्देश्य कोष वृद्धि गरी कोषलाई व्यवस्थित परिचालन गर्नु रहेको छ ।

३) यो निर्देशिका गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ ।

**३. परिभाषा :**

विषय वा प्रसगंले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "कोष" भन्नाले विपद् व्यवस्थापन कोष सम्झनु पर्छ ।

(ख) "समिति" भन्नाले कोष सञ्चालन समिति सम्झनु पर्छ ।

(ग) "प्रकोप" भन्नाले बाढी, पहिरो, आगलागी, भू-कम्प, आँधीबेरी, अतिवृष्टी, अनावृष्टी, पशुपंक्षी तथा अन्य जीवबाट सरुवा भई आउने रोग वा सरुवा रोगको महामारी, प्राकृतिक कारणले हुने सडक दुर्घटना जस्ता दैवी प्रकोप सम्झनु पर्छ र सो शब्दले औद्योगिक दुर्घटना समेतलाई जनाउनेछ ।

**४. सीमा क्षेत्र : यस गोकुलगंगा गाउँपालिका भित्र**

यस गाउँपालिका भित्र घटेका विपद तथा गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरु पर्दछन् ।

**५. कोषका परिचालनका उद्देश्यहरुः**

(क) वडा स्तरमा कुनै प्रकोपको घटनाबाट कोही प्रभावित भएमा प्रकोप प्रभावित व्यक्तिहरुलाई तुरुन्तै उद्धार र राहत सेवा उपलब्ध गराउने ।

(ख) वाह्य निकायसँगको सहकार्यमा वा सहयोग विना पनि स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा उल्लेखित अति आवश्यक योजनाहरु कार्यान्वयन गर्ने ।

(ग) विपद् व्यवस्थापनमा स्थानीय समुदायको सहभागीता र योगदान सुनिश्चित गर्ने ।

**६. कोषको स्थापना :**

(१) गाउँपालिका स्तरमा विपद् व्यवस्थापन कोष खडा गरिनेछ ।

(२) कोषमा देहाय बमोजिम रकमहरु जम्मा गरिनेछ :-

- देउसी, भैलो, होली आदि चाडपर्व खेलेर प्राप्त भएको नगद वा जिन्सी संकलन गरेर ।
- सांस्कृतिक कार्यक्रम आयोजना गरेर ।
- स्थानीय निकाय (गाउँपालिका) बाट रकम बिनियोजन गरेर
- सरकारी तथा गैरसरकारी संस्थाबाट सहयोग प्राप्त गरेर ।
- उपयुक्त ठाउँमा दान पेटिकाहरु राखेर ।

**७. आकस्मिक कोष परिचालनका क्षेत्रहरुः**

**७.१. मूख्य क्षेत्रहरुः**

(क) विपद्का कारण घाइते, विरामी एवम् सर्प, जङ्गली जनावरको टोकाइबाट घाइते भएकाहरुको उपचार गर्न वा उपचार खर्च प्रदान गर्न ।

अ) स्थानीय रुपमा गाउँपालिका र वडा भित्रै उपचार गर्ने हकमा.......................... ( समितिको निर्णय अनुसार बढीमा रु. ५०००।-)

आ) जिल्ला बाहिर उपचार गर्नु पर्ने हकमा रु १५०००।-

(ख) विपद्बाट समुदायका वासिन्दामध्ये कसैको घर क्षति भएको अवस्थामा गैर खाद्य राहत सामग्री उपलब्ध गराउन ।

अ) पूर्ण रुपमा घर क्षति भएकालाई रु. १५०००।- प्रति परिवार बरावरको गैर खाद्य सामग्री

आ) आंशिक क्षति भएकालाई रु. २०००।- प्रति परिवार बरावरको गैर खाद्य सामग्री

ग) प्रति परिवार मृत्यु भएमा जनहि रु ५००००।-

घ) व्यबसाहिक रुपमा ३ वटा भन्दा बढि गाई भैसिको मृत्य भएमा वा घर आगलागि भइ सम्पुर्ण नष्ट भएमा प्रति परिवार ५०००।-

ज) फर्म दर्ता भई बाखा बङगुर १० ओटा भन्दा बढि मृत्य भएमा रु २००००।-

माथि उल्लेखित अवस्थामा विपद् तथा राहत व्यवस्थापन समितिका सदस्यहरुले विपद्बाट भएको क्षतिलाई स्थलगत अध्ययन गरेर समितिले निर्णय गरेमा मात्र राहत दिन सकिनेछ । यस्तो अवस्थामा आवश्यकता अनुसार जिल्ला प्रशासन कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा अन्य सरोकारवाला निकायहरुलाई तत्काल जानकारी गराई थप राहतका लागि आवश्यक पहल समेत गरिनेछ ।

**७.२ विपद् व्यवस्थापन सम्बन्धी क्रियाकलापका क्षेत्रहरुः**

कोष सबल हुँदै रु. १५,००,०००।- (अक्षरुपी पन्ध्र लाख रुपैया) भन्दा बढी रकम संकलन भएको अवस्थामा देहाय बमोजिमका क्रियाकलाप गर्न सकिनेछ । यी क्रियाकलापहरुमा खर्च गर्नका लागि समितिको निर्णय अनिवार्य रुपमा भएको हुनुपर्नेछ ।

क) बिपद् व्यबस्थापनका लागि आवश्यक सामान खरिद गर्ने

ख) बिपद् व्यबस्थापन सम्बन्धि क्षमता बिकास कार्यक्रम गर्ने

(ग) विपद् पश्चात समुदायमा विग्रे भत्केका संरचनाहरुको पुनः निर्माण गर्न ।

(घ) बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न एवम् पाठ्य सामग्री, युनिफर्म सहयोग उपलब्ध गराउन ।

(ङ) विपद् पूर्वतयरी सम्बन्धी जनचेतना अभिवृद्धि, अल्पिकरणका संरचनाहरु निर्माण तथा मर्मत सम्भार गर्ने कार्यमा

- माथि उल्लेखित क्रियाकलापका साथसाथै स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनामा भएका क्रियाकलापहरुलाई पनि आवश्यक निर्णय गरी खर्च गर्न सकिनेछ ।

**८. कोषको रकम प्रयोग हुन नसक्ने अवस्था** :

नियम ७ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको प्रयोजनका लागि कोषको रकम खर्च गर्न सकिने छैन :-

(क) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई पारिश्रमिक, तलब, भत्ता वा सुविधा उपलब्ध गराउन,

(ख) कुनै सरकारी वा गैर सरकारी कर्मचारीलाई भ्रमण खर्च वा अन्य त्यस्तै प्रकारको खर्च उपलब्ध गराउन,

(ग) कसैलाई चन्दा, पुरस्कार, उपहार वा अनुदान प्रदान गर्न,

(घ) दैवी प्रकोपसँग सम्बन्धित विषयमा बाहेक कसैलाई आर्थिक सहायता उपलब्ध गराउन ।

**९. कोष सञ्चालन प्रकृया :**

(१) कोष सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको एक विपद् तथा राहत समिति रहनेछ, जसको संरचना निम्नानुसारको हुनेछ :-

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) ६ वटै वडाअध्यक्षले तोकेको १-१ जना निर्वाचित सदस्य - सदस्य

(ग) नेपाल रेडक्रस सोसाइटी उपशाखा प्रतिनिधि - सदस्य

(घ) नेपाल प्रहरी - सदस्य

(ङ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य सचिव

(२) समितिको बैठक जुनसुकै बखत समितिको संयोजकले तोकेको ठाउँ, मिति र समयमा बस्नेछ।

(३) समितिको बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ ।

(४) समितिले आवश्यकता अनुसार अन्य सरकारी वा गैर सरकारी क्षेत्रमा कार्यरत जुनसुकै कर्मचारी वा व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १०. कोषको व्यवस्थापन तथा सञ्चालन :

(१) समितिको निर्णय अनुसार राहत उपलब्ध गराउने गरी यस गाउँपालिमा कार्यालय प्रमुख र लेखा प्रमुखको संयुक्त दस्ताखतमा खाता सञ्चालन गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको खाता समितिको सदस्य-सचिव र लेखा प्रमुखको संयुक्त हस्ताक्षरमा सञ्चालन हुनेछ ।

## ११. लेखा तथा लेखापरीक्षण :

(१) कोषको आम्दानी खर्चको लेखा नेपाल सरकारले अपनाएको लेखा प्रणाली बमोजिम राखिनेछ ।

(२) कोषको लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

## १२. कोषको रकम वितरण गर्ने कार्यविधि :

(१) गाउँपालिकाको सीमा क्षेत्र भित्र कुनै विपद् घटना भई सो को जानकारी प्राप्त भएमा नेपाल प्रहरीको नियमानुसार मुचुल्का तयार गरिनेछ ।

२) उक्त मुचुल्काका आधारमा विपद् तथा राहत समितिको घटना स्थलमा भ्रमण भएपछि बैठक बसी यस निर्देशिकाका आधारमा कार्यालयमा आवश्यक रकम उल्लेख गरी सिफारिस गर्ने ।

३) उक्त सिफारिस बमोजिम कार्यालयले राहत उपलब्ध गराउनेछ ।

### १३. अनुगमन तथा मूल्याङ्कन :

(क) स्थानिय विपद् तथा जलवायु उत्थानशील समितिका सबै सदस्यहरुले नियमीत वा आकस्मीक रुपमा अनुगमन र मूल्याङ्कन गर्नेछन् ।

(ख) अनुगमनमा गएका सदस्यहरुले प्रगति प्रतिवेदन तयार गरी समितिको बैठकमा अनिवार्य पेश गर्नु पर्नेछ ।

### १४. परिमार्जन

यस निर्देशिकालाई वार्षिक रुपमा छलफल गरी आवश्यक परिमार्जन गर्न सकिने छ । साथै एक वर्ष नपुग्दै परिमार्जन गर्नुपर्ने महसुस भएमा स्थानीय विपद् तथा जलवायु उत्थानशील समितिको बैठक बसी आवश्यक परिमार्जन गर्न सकिनेछ ।